# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६२ सालको अध्यादेश नं. ३२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कारागार ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** कारागार ऐन, २०१९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस अध्यादेशको नाम "कारागार (दोस्रो संशोधन) अध्यादेश, २०६२" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **कारागार ऐन, २०१९ को दफा २ मा संशोधन** : कारागार ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ज) पछि देहायका खण्ड (झ) र (ञ) थपिएका छन् :-

"(झ) "सामुदायिक सेवा" भन्नाले विद्यालय, अस्पताल, स्थानीय निकाय, देवालय, वृद्धाश्रम लगायत यस्तै प्रकृतिका अन्य निकाय तथा सामाजिक संघ संस्थामा गरिने सेवा सम्झनु पर्छ।

(ञ) "खुला कारागार" भन्नाले कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँभन्दा बाहिर समेत गई कुनै काम गर्न पाउने गरी त्यस्तो कैदी राख्नको लागि श्री ५ को सरकारले तोकेको कुनै ठाउँ सम्झनु पर्छ।"

३. **मूल ऐनमा दफा १०क., १०ख. र १०ग. थप**: मूल ऐनको दफा १० पछि देहायका दफा १०क., १०ख. र १० ग. थपिएका छन् :-

"१०क. **सामुदायिक सेवामा पठाउन सक्ने**: (१) यस ऐन वा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा ३ वर्षसम्म कैद सजाय हुने ठहरिएका कसूरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्नेछ।

तर प्रचलित नेपाल कानूनबमोजिम स्थापना वा गठन भएको अदालत बाहेक मुद्दा हेर्ने अन्य अधिकारीले उपदफा (१) बमोजिम कसूरदारलाई सामुदायिक सेवामा पठाउँदा सम्बन्धित जिल्ला अदालतको अनुमति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9008

(२) सामुदायिक सेवामा पठाइएको कसूरदारले त्यस्तो सेवा गरे बापत कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

(३) सामुदायिक सेवामा रहेको कुनै कसूरदारले आफूलाई ठेकिएको काम नगरेमा त्यस्तो कसूरदारलाई सम्बन्धित जिल्ला अदालतको अनुमति लिई बाँकी कैद भुक्तान गर्न कारागारमै पठाउन सकिनेछ ।

(४) सामुदायिक सेवासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०ख. <u>खुला कारागारमा राख्न सक्ने</u>: (१) यस ऐन वा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ३ वर्षभन्दा बढी कैद सजाय भई कम्तीमा एक तिहाई कैदको अवधि भुक्तान गरिसकेको कैदीलाई तोकिएको अधिकारीले खुला कारागारमा बस्ने अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खुला कारागारमा बसेको अवधिलाई कैद भुक्तान गरे सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम खुला कारागारमा बस्ने कैदीले यस ऐनबमोजिम पाउने सिधा, लुगा तथा औषधि उपचार खर्च पाउने छैन ।

(४) खुला कारागारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०ग. <u>सामुदायिक सेवा वा खुला कारागारमा नपठाइने</u> : दफा १०क. र १०ख. मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दामा कसूरदार ठहरिएकालाई सामुदायिक सेवा वा खुला कारागारमा पठाइने छैन :-

(क) जीउ मास्ने बेच्ने,

(ख) जबरजस्ती करणी,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१००१

(ग) कैदबाट भागे भगाएको,

(घ) भन्सार चोरी निकासी पैठारी,

(ङ) लागू औषधको कारोबार,

(च) भ्रष्टाचारसम्बन्धी,

(छ) जासूसीसम्बन्धी ।"

४. <u>बचाउः</u> संवत् २०६१ साल चैत १८ गते जारी भएको कारागार (दोस्रो संशोधन) अध्यादेश, २०६१ बमोजिम भए गरेका काम कारबाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः २०६२।६।१६।१

आज्ञाले,

डा. कुलरत्न भूर्तेल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार